

अहिले पनि घुम्टोबाट मुख देखाउन सजिलो भइनसकेको तराईकी बुहारी भएर कम्युनिष्ट राजनीतिमा लाग्नु भएकी लीलादेवीले सासुससुराको पनि भरपूर सहयोगमा राजनीति गर्न पाउनुभयो ।

# घुंघट भित्रैबाट लीलादेवीको संघर्ष



● ममता गिरी

नेपाली महिलाहरू परिवर्तनका खातिर अदम्य साहस र उत्साहका साथ लडे । सामाजिक, राजनीतिक, सांस्कृतिक र आर्थिक रुपान्तरणका लागि आफूलाई समर्पित गरे। महिला मुक्ति र सिंगो नेपाली जनताको मुक्तिको खातिर दृढतापूर्वक लडे । सुन्दर भविष्यको उज्यालो किरणको आशामा ज्यानको बाजी थापेर लड्नु सामान्य कुरा थिएन । तथापि महिला मुक्ति र अधिकार प्राप्तिका खातिर अनेकौं चुनौतीहरूको सामना गर्दै संघर्षको मैदानमा ओर्लिए ।

समाज परिवर्तनको ठूलो आशा बोकेर सामन्ती पितृसत्तालाई ढाल्ने मेसिनगन अगाडि तेर्सिए। जीवनका अनेकौं कठिन परीक्षाहरू पार गर्दै युगौंदेखिको सामन्ती सत्तालाई ढालेर मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना गरे। सुन्दर भविष्यको परिकल्पना गर्दै नयाँ युगतर्फ अगाडि बढे । नेपाली जनताको उज्वल भविष्यको निम्ति आफ्ना सबै दुःख र पीडालाई बिर्सिएर समाजवाद हुँदै साम्यवादको यात्रातर्फ अग्रसर भए । इतिहासको यही क्रान्तिकारी उर्वर भूमिमा कमरेड लीलादेवी मण्डलको अभ्युदय भयो ।

उहाँको जन्म वि.सं.२०१६ सालमा छिमेकी मुलुक भारतमा भएको थियो । गरिब किसान परिवारमा जन्मिनु भएकी लीलाको बाल्यकाल सुखमय थिएन । घरको आर्थिक अवस्था कमजोर भएकाले उहाँले दुई कक्षाभन्दा बढी पढ्न पाउनु भएन । त्यति खेरको समाजमा छोरी मान्छेले पढ्नुपर्छ भन्ने थिएन । छोरीलाई प्राथमिकता दिएर पढाउने चलन पनि थिएन । बालविवाह गरिदिने कुसंस्कारयुक्त समाजका कारण २०२२ सालमा सात वर्षको हुँदा नेपालको धनुषा जिल्ला, हठिपुर हखाडा निवासी राजेन्द्र मण्डलसँग विवाह भएको थियो । दुई दिन घर बसेर फेरि उहाँ माइतीमा नै बस्न जानुभयो । १३ वर्ष पुगेपछि उहाँलाई गौना गरी (पुनः विवाह जस्तै) धनुषा ल्याइयो । गौना तराईको खास गरी मधेशी समुदायको पुरानो प्रचलन हो ।

तत्पश्चात उहाँ निरन्तर आफ्नै घर धनुषामा बस्न थाल्नु भयो । श्रीमानको घर पनि गरिब किसान परिवारको थियो । गरिब परिवार भएकाले जीविकोपार्जनका निम्ति अर्काको खेतमा ज्यालामा काम गर्न जानु पर्दथ्यो । १३ वर्षकी बालिका घरधन्दा र खेतबारीको समेत जिम्मेवारीसँगै आमा बन्नुभयो । उहाँका पति, तीन छोरा र तीन बुहारी भएकोमा एक छोराको निधन भयो । सासु ससुरा पनि बितिसके ।

लीलाको परिवार गरिब भए पनि राजनीतिक रुपमा सचेत परिवार थियो। पञ्चायतका विरुद्ध भूमिगतरुपमा राजनीतिक दलहरु काम गरिरहेका थिए। उहाँका श्रीमान् पनि राजनीतिमा लाग्नु भएको थियो। पार्टीका नेताहरु घरमा आउनेजाने गर्थे। नेताहरुको खाने बस्ने व्यवस्था गर्ने क्रममा उहाँहरुको बोली वचन, व्यवहार र गर्न खोज्नु भएको कामबाट लीलादेवी प्रभावित हुँदै जानुभयो। राजनीतिक दल, विशेष गरेर कम्युनिष्ट पार्टी गरिब जनताका लागि काम गर्छ भन्ने बुझाइ थियो त्यो बेला। मैले पनि नेताहरु आउजाउ गर्दा राजनीतिको महत्व बुझें र बिस्तारै राजनीतितर्फ आकर्षित हुँदै गएको उहाँ पुरानो अनुभव सुनाउनुहुन्छ।

तत्कालीन समयमा त्यसमा पनि महिलालाई राजनीतिमा लाग्नु भनेको फलामको च्यूरा चपाए जस्तो थियो। अझ तराईको परिवेशमा। जहाँ अझै पनि महिलाहरु स्वतन्त्र रुपले बाहिर निस्किन कठिन छ। त्यस्तो समाजमा राजनीति गर्छु भनेर लाग्नु अत्यन्त ठूलो साहस हो। राती राती राजनीतिक कुरा बुझाउन सीता खड्का, रामचन्द्र झालगायतका पार्टीका कमरेडहरु आउनु हुन्थ्यो। शुरुशुरुमा उहाँलाई अनौठो लाग्थ्यो। पञ्चायती व्यवस्थाको विरुद्ध संघर्ष गर्नुपर्छ भन्दा कसरी गर्ने होला पुलिसको यत्रो कडा निगरानी छ भन्ने उहाँलाई लाग्थ्यो। पछि कुरा बुझ्दै जानुभयो र पार्टी काममा उहाँको सक्रियता बढ्दै गयो।

सासु, ससुरा र श्रीमानको साथ, सहयोग र प्रेरणाले उहाँ घर बाहिर राजनीतिक काममा निर्धक्क हिंड्न थाल्नु भयो। नेताहरुले दिएको काम कुशलतापूर्वक गर्नुहुन्थ्यो। उहाँ अहिले पनि भन्नुहुन्छ, "घर परिवारको सहयोगले मान्छे विशेष गरी अझ महिलालाई धेरै अघि बढाउँछ। जुन उहाँले पाउनुभयो।" राजनीतिक सामाजिक काममा हिंड्दा सासु, ससुराले यस्तो नगर वा कहीं नजाउ भनेर कहिल्यै नभनेको उहाँ बताउनुहुन्छ। महिलालाई घुम्टोभित्र सिमित राख्ने मधेसी समुदायमा बुहारीलाई यति स्वतन्त्रता दिने सासु ससुरा कति अग्रगामी विचारको भनेर उहाँलाई अहिले पनि अचम्म लाग्छ। उहाँहरुको राजनीतिक र सामाजिक चेत भएकै कारण र बुहारी भनेर घर भित्रै बस्नुपर्छ भन्ने छैन भन्ने सोचका कारण आफूले चाहे अनुसार गर्न पाएको भन्दा लीलादेवी गर्व महसुस गर्नुहुन्छ।

समाजले भने अनेकौं टिकाटिप्पणी गर्ने गर्थ्यो। तिम्रो बुहारी राती राती पुरुषहरुसँग पनि हिँडेको हुन्छ भनेर मान्छेहरुले सासु, ससुरा र श्रीमानलाई भन्दिन्थे तर 'मेरो बुहारी जहाँ गए पनि अरुले किन टाउको दुखाउनु' भनेर जवाफ दिनु हुन्थ्यो। त्यसपछि बिस्तारै समाजबाट त्यस्ता वचन उहाँ र उहाँको परिवारले नै सुन्नु परेन। उहाँ पार्टीको काममा जाँदा छोराछोरी सासु ससुराले हेर्ने गर्नुहुन्थ्यो। लीलादेवी पनि सकेसम्म घरधन्दा समयमै सकेर पार्टीको काममा हिँड्नु हुन्थ्यो। यसरी राजनीतिमा लाग्दा उहाँको घर परिवारले उहाँलाई अझ अघि बढ्न उत्प्रेरित गरेको थियो। पारिवारिक जिम्मेवारी पनि उहाँले कुशलतापूर्वक पुरा गर्नु हुन्थ्यो भने पार्टीले दिएको हरेक जिम्मेवारी पुरा गर्नुहुन्थ्यो। महिलाले जहिले पनि दोहोरो मात्र होइन तेहेरो दायित्व बहन गर्नुपर्ने अवस्थामा घरको सबै चाँजो पाँजो मिलाएर पार्टी काममा फूर्तिका साथ मैदानमा पुग्नु हुन्थ्यो।

वि.सं. २०४६ सालको प्रजातन्त्रपछि उहाँ देखिने गरी राजनीतिमा प्रवेश गर्नुभयो। त्यतिखेर भूमिगत रुपमा पार्टीको काम गर्नुपर्थ्यो। पुलिस र सिआइडीले थाहा तत्कालै गिरफ्तार गरेर लैजान्थ्यो। त्यसैले निकै होशियारीपूर्वक काम गर्नु पर्थ्यो। आन्दोलनलाई सघाए बापत पुलिसले बेला बेलामा उहाँलाई दुःख पनि दिने गर्थ्यो। वरिपरि चुनौतीका पहाडहरु लिएर जनता र महिला मुक्तिको लागि जसरी पनि लड्ने उच्च मनोबल साथ क्रियाशिल हुनुभयो।

क.रामचन्द्र झा, दुर्गा जी लगायतका थुप्रै कमरेडहरूसँगै राजतन्त्र विरुद्ध आन्दोलनमा मोर्चा कसेर उत्रिनु भयो। उहाँलाई आन्दोलनमा सँगै हिडाउन क.जानकी दास, हरिपुरको क.गंगियाको पनि भूमिका थियो। पार्टीमा लागेपछि जनताको जीवनलाई परिवर्तन गर्न सकिन्छ भन्ने गर्नुहुन्थ्यो। सुखी जीवन बाँच्नको लागि राजनीतिमा लाग्नु पर्छ भनि कमरेडहरुले सम्झाउनु हुन्थ्यो। बिस्तारै उहाँले पनि अरुलाई बुझाउन थाल्नुभयो। वास्तवमा सामाजिक, सांस्कृतिक र आर्थिक रुपान्तरण विना जीवन समृद्ध बन्न सक्दैन भन्ने विश्वास उहाँलाई लाग्न थाल्यो र लीलादेवी आफू भित्रको विद्रोहको आवाजलाई अझ बुलन्दका साथ घन्काउँदै व्यवस्था र अवस्थालाई बदल्न सशक्त भएर राजनीतिक परिवर्तनको आन्दोलनमा होमिनु भयो। वि.सं. २०४६ सालको आन्दोलनमा प्रहरीसँग कयौं पटकको भिडन्तमा घाइते हुनुभयो।

समाजको अग्रगामी परिवर्तनको निम्ति आन्दोलनको हरेक मोडहरुमा उच्च मनोबलका साथ भिड्नु भयो । उहाँ भन्नुहुन्छ, "एक दिन म जुलुसमा गएको थिएँ । घरमा आउँदा सासु ससुरालाई पुलिसले समातेर लगेछ । यसप्रकार प्रहरीको दमन र समाजको बुहारी भएर राजनीतिमा लाग्दा लाञ्छनासहित प्रहार हुने कुरालाई मध्यनजर गर्दै त्यस्ता समस्या पार लगाउने बहुदलीय प्रजातन्त्रको स्थापनाको लागि निरन्तर लडिरहनु भयो । गाउँका दिदीबहिनी, दाजुभाइलाई पनि आन्दोलनमा लाग्न प्रेरित गरिरहनु हुन्थ्यो । समतामूलक समाज निर्माण गर्ने अभिलाषाका साथ उहाँ क्रान्तिमा होमिनु भयो । घर परिवार समाज कसैको पनि परवाह नगरी घोषित लक्ष्य प्राप्तिका लागि लड्नु भयो । अन्त्यमा आन्दोलनले सफलता प्राप्त गऱ्यो । देशमा ३० वर्षदेखि नेपाली जनतामाथि राज गरिरहेको निरंकुश राजतन्त्र पराजित भयो । मुलुकमा बहुदलीय प्रजातन्त्र स्थापना भयो । व्यवस्था बदलियो तर नेपाली जनताको अवस्था पनि बदल्नुपर्छ भनेर अझ दृढ संकल्पका साथ अघि बढ्दै जानुभयो । राजनीतिमा महिला सहभागिताको अभिवृद्धि कार्यक्रममा पनि उहाँको सक्रिय सहभागिता थियो । राजनीतिकरुपमा पीडित महिलाहरुको अधिकारका लागि ठाउँठाउँमा गएर वकालत गर्ने र माग राख्ने गर्नुहुन्थ्यो ।

उहाँले पार्टी सदस्यता वि.सं. २०४७ सालमा प्राप्त गर्नुभयो । उहाँ तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले) को धनुषाको क्षेत्रीय कमिटी सदस्य हुनुहुन्थ्यो । अखिल नेपाल महिला संघ, धनुषा जिल्ला कमिटीको सदस्य रहेर पनि महिलाहरुका माझमा उहाँले धेरै काम गर्नुभयो । उत्पीडनमा परेका महिलाका हक अधिकारका लागि लीलाले निरन्तर आफुलाई संघर्षमा होम्नु भयो । जुन बेला तराईका महिलाहरुमा त्यति धेरै चेतना आइसकेको थिएन । ती महिलाहरुलाई सचेत र जागरुक बनाउन उहाँ अनेमसंघको झण्डा बोकेर उत्साहका साथ अगाडि बढी नै रहनु भयो । जनतालाई सचेत बनाउनका लागि आफू जानकार हुन आवश्यक थियो । सिक्न र ज्ञान हासिल गर्न सधैं तत्पर हुनुहुन्थ्यो । त्यसका लागि विभिन्न तालिमहरुमा उहाँ सक्रियतापूर्वक भाग लिनु हुन्थ्यो । सिकेका कुरा अरुलाई सिकाउनु हुन्थ्यो ।

चुनाव आएपछि सबैलाई भोट हाल्न सिकाउन घरघर पुग्नु हुन्थ्यो । एक त चुनावमा किन भोट हाल्ने भन्ने सबैले बुझेका थिएनन् । अर्को कुरा, भोट हाल्ने

तरिका पनि सिकाउन लागि अहोरात्र खटिनुहुन्थ्यो । तराईका जनतालाई सचेत, जागरुक र संगठित बनाउनुपर्छ र सबै अगाडि बढेपछि मात्र विकास हुन्छ भन्ने कुरा उहाँले त्यो बेला नै बुझेर सामाजिक र राजनीतिक व्यवस्था परिवर्तनका लागि लाग्नुभयो ।

वि.सं. २०६२/६३ सालको जनआन्दोलनमा पनि उहाँ अग्र पंक्तिमा देखिनुभयो । आन्दोलनकै मैदानबाट आफ्नो इतिहास निर्माण गर्नुभएकी कमरेड लीलादेवीले आफ्नो राजनीतिक यात्रालाई ६१ वर्ष पुग्दासम्म विश्राम दिनुभएको छैन । उमेर र स्वास्थ्यका कारण विगतमा जस्तो सक्रिय भएर खट्न नसके पनि सकेसम्म पार्टी कार्यक्रम र अन्य सामाजिक काममा पुग्नुहुन्छ ।

तराईको घुम्टो भित्र बस्नुपर्ने संस्कृतिलाई चुनौती दिँदै लीलादेवीले राजनीतिमा हामफाल्नु चानचुने साहस थिएन । त्यसमा पनि हाम्रो जस्तो पितृसत्तात्मक समाजमा महिलालाई राजनीतिमा लाग्नु धेरै कठिन थियो । त्यतिखेरको समाज आजको जस्तो सचेत पनि थिएन । ती सबै बार, बन्देज र चुनौतीहरूको सामना गर्दै लीला आन्दोलनको मोर्चामा सदैव डटेर लाग्नु भयो ।

निस्वार्थपूर्वक यो देशको मुहार फेर्न उहाँ निरन्तर लडिनै रहनु भयो । उहाँले गरिबीसँग लड्नु भयो । वर्ग शत्रुसँग लड्नु भयो र समाजको संकुचित र पछौटे चिन्तनहरुसँग पनि लड्नु भयो । सबै खालका कठिन परिस्थितिसँग पनि लड्नु भयो । अब नेपाली जनताको अझ सुखी जीवन हेर्ने र नेपाल अझ समृद्ध र समुन्नत भएको हेर्ने उहाँको उत्कण्ठा अभिलाषा छ ।

कमरेड लीलाबाट हामीले प्रेरणा लिनुपर्ने थुप्रै कुराहरु छन् । सामान्य परिवारमा जन्मिएर पढ्ने लेख्ने अवसर नपाए पनि, गरिबीसँग लड्नु परे पनि समाज बदल्न उहाँको जुन साहस, उत्साह र क्रान्तिकारी भावना देखियो त्यो साँच्चै ग्रहण योग्य छ । उहाँबाट आउने पिँढीले धेरै कुरा सिक्न सक्दछ । आउने पुस्ताले उहाँको यो योगदानको सदैव कदर गर्ने छ । ●